# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
## मितिः २४ जुलाई २०२६
समयः १८:५० - १९:०० बजे *(अवधि १० मिनट)*

**मुख्य समाचार**

- मुख्यमन्त्री शुभेन्दु अधिकारीले, प्रधानमन्त्री नरेन्द्र मोदीले NEET लगायत विभिन्न प्रतिस्पर्धात्मक परीक्षाहरूमा पेपर लीकका लागि जिम्मेवार व्यक्तिहरूलाई छिटो र कडा सजाय सुनिश्चित गर्न फास्ट-ट्र्याक अदालतहरू स्थापना गर्ने घोषणाको स्वागत गर्नुभएको छ।

- केन्द्रीय मन्त्रीहरू जे.पी. नड्डा र जितेन्द्र सिंहले आज नयाँ दिल्लीमा ककरोच जनता पार्टीको प्रतिनिधिमण्डललाई भेट गर्नुभयो।

- वरिष्ठ अधिवक्ता कल्याण बनर्जीलाई पश्चिम बंगाल स्कूल सेवा आयोग (SSC) सँग सम्बन्धित सबै मामिलाहरूबाट हटाइएको छ। उनले अब अदालतमा SSC को प्रतिनिधित्व गर्ने छैनन्।

- पश्चिम बङ्गालको बहुचर्चित नगरपालिका भर्ती घोटाला मामिलामा प्रवर्तन निदेशालयले आज तृणमूल कङ्ग्रेसका विधायक मदन मित्रकी पत्नी अर्चना मित्र सोद्पुछका लागि बोलाएको थियो|

- आज भारतीय डाक विभाग उपडाक कार्यालय बिजनबारीको पहलमा एक बिशेष शिविरको आयोजना गरिएको थियो।

**मुख्यमन्त्री शुभेन्दु अधिकारी NEET**

पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले प्रधानमन्त्री नरेन्द्र मोदीले NEET लगायत विभिन्न प्रतिस्पर्धात्मक परीक्षाहरूमा पेपर लीकका लागि जिम्मेवार व्यक्तिहरूलाई छिटो र कडा सजाय सुनिश्चित गर्न फास्ट-ट्र्याक अदालतहरू स्थापना गर्ने घोषणाको स्वागत गर्नुभएको छ। उहाँले युवाहरूको भविष्यसँग सम्झौता गर्नेहरूलाई कुनै पनि मूल्यमा छोड्नु हुँदैन, र त्यस्ता अपराधहरू विरुद्ध सरकारको शून्य-सहिष्णुता नीति जारी रहने भनि बताउनुभएको छ।
हिज राति सामाजिक सञ्जाल प्लेटफर्म X मा प्रधानमन्त्री नरेन्द्र मोदीको पोस्ट साझा गर्नुहुदै, शुभेन्दु अधिकारीले प्रधानमन्त्रीको निर्णय पेपर लीक माफियालाई सजाय दिने दिशामा निर्णायक कदम हुनेछ। उहाँले भन्नुभयो यसले दोषीहरूलाई छिटो र कडा सजाय सुनिश्चित गर्नेछ र देशका लाखौं मेधावी विद्यार्थीहरूको कडा परिश्रम र भविष्यको रक्षा गर्नेछ।
प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो सामाजिक सञ्जाल सन्देशमा देशका युवाहरूको भविष्य र कल्याण सर्वोच्च प्राथमिकता भएको पनि बताउनुभएको थिए। उहाँले पेपर लीक जस्ता मामिलाहरूको सुनुवाइ गर्न फास्ट-ट्र्याक अदालतहरू स्थापना गरिनेछ, जसले दोषीहरूलाई छिटो र कडा सजाय सुनिश्चित गर्ने घोषणा पनि गर्नुभयो।
यसैबीच, यस विषयमा पत्रकारहरूसँग कुराकानी गर्नुहुदै शुभेन्दु अधिकारीले भन्नुभयो, "प्रधानमन्त्रीले गर्नुभएको सम्पूर्ण वक्तव्य हामी सबैको पक्षमा छ। कुनै पनि राज्यका मुख्यमन्त्रीले छुट्टै केही भन्नु आवश्यक छैन। यो राष्ट्रिय मुद्दा हो। प्रधानमन्त्रीले भनेको कुरा हाम्रो सन्देश पनि हो।"

**संशो नड्डा - सीजेपी**

केन्द्रीय मन्त्रीहरू जे.पी. नड्डा र जितेन्द्र सिंहले आज नयाँ दिल्लीमा ककरोच जनता पार्टीको प्रतिनिधिमण्डललाई भेट गर्नुभयो। श्री नड्डाले बैठकमा परीक्षा प्रणालीमा सुधारको लागि पार्टीको मागलाई ध्यानपूर्वक सुनिएको बताउनुभयो। उहाँले ककरोच जनता

पार्टीले तीन मुख्य माग राखेको र प्रश्नपत्र लिक रोक्न केही सुधारहरू पनि सुझाव दिएको बताउनुभयो। श्री नड्डाले सरकारले भोलि प्रतिनिधिमण्डलसँग अर्को चरणको चर्चा गर्ने बताउनुभयो।
यसैबीच, प्रतिनिधिमण्डलमा सहभागी ककरोच जनता पार्टीका प्रवक्ता आशुतोष राँकाले सरकारले उनीहरूका दुई मागहरूमा सैद्धान्तिक रूपमा सहमति जनाएको दाबी गरेका छन्।

**सोनम वाङ्चुक**

सामाजिक कार्यकर्ता सोनम वाङ्चुकले हिजो राति गुरुग्रामको एक निजी अस्पतालमा केन्द्रीय मन्त्री जेपी नड्डा र जितेन्द्र सिंहको उपस्थितिमा २६ दिन लामो अनशन अन्त्य गरेका छन्। वाङ्चुककी श्रीमती गीताञ्जली आङ्मो र लेह लद्दाखको सर्वोच्च निकायका वरिष्ठ नेताहरू पनि अस्पतालमा उपस्थित थिए।
यसअघि विभिन्न राजनीतिक दलका ६५ सांसदहरूले उनलाई भेटेका थिए तथा अनशन अन्त्य गर्न आग्रह गर्दै पत्र लेखेका थिए। श्री वाङ्चुकले विभिन्न सर्तहरूमा लामो वार्तापछि यो निर्णय लिएको बताएका छन्।
श्री वाङ्चुक गत महिनाको २८ तारिखदेखि शिक्षा प्रणालीमा सुधार र पेपर लिक प्रकरणमा जवाफदेहिताको माग गर्दै अनशनमा बसेका थिए।

**पश्चिम बंगाल स्कूल सेवा आयोग अधिवक्ता**

वरिष्ठ अधिवक्ता कल्याण बनर्जीलाई पश्चिम बंगाल स्कूल सेवा आयोग (SSC) सँग सम्बन्धित सबै मामिलाहरूबाट हटाइएको छ। उनले अब अदालतमा SSC को प्रतिनिधित्व गर्ने छैनन्। SSC को अवधि सकिएको (एक्सपायर्ड) प्यानलसँग सम्बन्धित मामिलाको बारेमा आज कलकत्ता उच्च अदालतमा भएको सुनुवाइको क्रममा वकिल परिवर्तन भएको कुरा प्रकाशमा आएको हो।

***स्रोतका अनुसार, कल्याण बनर्जीलाई हिज राति नै सबै SSC मामिलाहरूबाट हटाइएको थियो। आयोगले उनको ठाउँमा वरिष्ठ अधिवक्ता इन्द्रनील राईलाई नियुक्त गरेको छ। सुनील राईले जूनियर अधिवक्ताको रूपमा आयोगको प्रतिनिधित्व गर्नेछन्। दुवैले आज बाट अदालतमा आयोगको प्रतिनिधित्व गर्न थालेका छन् ।***

***उल्लेखनीय छ यस महिनाको सुरुमा, IAS अधिकारी दुष्यन्त नारियालालाई SSC को नयाँ अध्यक्ष नियुक्त गरिएको थियो। विधानसभा चुनाव अघि, उहाँले पश्चिम बंगालको मुख्य सचिवको रूपमा काम गर्नुभएको थियो। पछि, मनोज अग्रवाललाई मुख्य सचिव नियुक्त गरिएको थियो, र नारियालालाई दिल्लीमा राज्यको रेजिडेंट कमिश्नर नियुक्त गरिएको थियो। उहाँले SSC को अध्यक्षको रूपमा पनि काम गरिरहेका छन्। प्राप्त खबर अनुसार उहाँले नै आफ्नो वकिल परिवर्तन गर्ने निर्णय गरेको बताईएको छ।***
***शिक्षक र शिक्षा कर्मचारीहरूको भर्तीमा कथित अनियमितता सम्बन्धी पश्चिम बंगालमा धेरै मामिलाहरू अदालतमा विचाराधीन छन्। धेरै व्यक्तिहरूलाई एउटै प्यानलले वैधता समाप्त भएपछि पनि नियुक्त गरेको आरोप छ। आज, न्यायाधीश सौगत भट्टाचार्यको नेतृत्वमा रहेको इजलासले यस मामिलाको सुनुवाइ गऱ्यो, जहाँ इन्द्रनील रोय र सुनील रोयले एसएससीको प्रतिनिधित्व गरेका थिए।***

**नगरपालिका भर्ती घोटाला/मदन मित्र**

पश्चिम बङ्गालको बहुचर्चित नगरपालिका भर्ती घोटाला मामिलामा प्रवर्तन निदेशालय (ईडी)-को जाँच द्रुत गतिमा अगाडि बढिरहेको छ। आज तृणमूल कङ्ग्रेसका विधायक मदन मित्रकी पत्नी अर्चना मित्र सोदपुछका लागि कोलकाताको सीजीओ कम्प्लेक्सस्थित कार्यलयमा पुगेकी थिन।
बिहान लगभ 11:30 बजे ईडी कार्यालयमा पुगेकी अर्चना मित्रले मीडियाका प्रश्नहरूको जवाफ दिन अस्वीकार गरिन् र हात जोड्दै सोझै कार्यालयभित्र प्रवेश गरिन्।
यस मामिलामा ईडीले मदन मित्रको परिवारका चार जना सदस्यहरूलाई भिन्न-भिन्न मितिहरूमा बोलाएको छ। गत बुधवार कान्छा छोरा शुभरूप मित्रसित लगभग नौ घण्टासम्म सोधपुछ गरिएको थियो भने बिहीवार जेठा छोरा स्वरूप मित्र ईडी समक्ष पेश भएका थिए। यसरी नै कमरहाटीबाट तृणमूल विधायक मदन मित्रलाई आगामी 29 जुलाईमा सोधपुछको लागि बोलाइएको छ।

ईडीले आरोप लगाए अनुसार, टिटागढ़ नगरपालिकामा नगद राशि र सुनको सट्टा न्यूनतम 125 जना मानिसहरूलाई नोकरी दिइएको थियो। यसैको जाँचमा मदन मित्रको नाम पनि अघि आएको थियो। 13 जूनको दिन ईडीले उनको केही ठेगानाहरूमा छापामारी गर्नको साथै उनीसित सोद्पुछ पनि गरेको थियो।

**कोलकाता: आयकर दिवस**

आयकर विभागको पश्चिम बंगाल र सिक्किम सर्कलले आज कोलकातामा १६७ औं आयकर दिवस पालन गर्यो। यस अवसरमा बोल्नुहुदै पश्चिम बंगालका वित्त मंत्री स्वपन दासगुप्ताले सरकार परिवर्तन भएदेखि राज्य सरकारको कर सङ्कलनमा १५ प्रतिशतले वृद्धि भएको बताउनुभयो। उहाँले आर्थिक रूपमा बलियो सरकारको लागि बलियो कर सङ्कलन प्रणाली आवश्यक रहेको बताउनुभयो। मंत्री स्वपन दासगुप्ताले कर सङ्कलन प्रणाली पहिले जटिल रहेको, तर अब यसलाई सरलीकृत गरिएको बताउनुभयो।

**भारतीय तटरक्षक दल अभियान**

भारतीय तटरक्षक दल र वन विभागले सुन्दरवनको तटमा गरेको संयुक्त कारबाहीमा पाँचवटा परिष्कृत लामो दूरीको हतियार र जीवित गोला बारुदको ठूलो भण्डार जफत गरिएको छ। साथै चार भारतीय नागरिकलाई पक्राउ गरिएको छ।
विशेष गुप्तचर सूचनाको आधारमा, संयुक्त टोलीले यस महिनाको २२ तारिख खुला समुद्रमा एक शंकास्पद भारतीय माछा मार्ने डुङ्गालाई रोकेको थियो। जहाजको खोजीको क्रममा, अधिकारीहरूले ठूलो मात्रामा जीवित कारतूसहरू सहित पाँचवटा परिष्कृत लामो दूरीको हतियारहरू बरामद गरेको छ।
प्रारम्भिक अनुसन्धानले पक्राउ परेका तस्करहरूको सीमापार हतियार तस्करी नेटवर्कसँग सम्बन्ध हुन सक्ने संकेत गरेको छ।
तटरक्षक दलले बताए अनुसार, यो अपरेशन अवैध तस्करी रोक्न र समुद्री मार्गबाट हुने विध्वंसक गतिविधिहरू रोक्नको लागि गरिएको नियमित निगरानीको एक भाग हो। चार जना अभियुक्तहरूलाई सुन्दरवन तटीय पुलिस थानामा लगिएको छ। हतियार तस्करी र्‍याकेट पछाडिका मुख्य योजनाकारहरूलाई पहिचान गर्न र पक्राउ गर्न अनुसन्धान जारी छ।

**पेमा साङाग छोई खोर्लिङ गुम्पा**

पेमा साङाग छोई खोर्लिङ गुम्बाका धर्म गुरु डुब्ला डेन्डुपको अगुवाईमा गत १५ जुलाई देखि गुरु ठुङकार छेचु छामको आज २४ जुलाईको दिन बिहान 09:00 देखि समय 01:00 सम्म पद्मसम्भवको अष्टगुरुङहरू छामको दर्शन कार्यक्रम सम्पन्न भयो भने यसै दिन दिउसो दुई बजेदेखि छिमेकी देश नेपालबाट आउनुहुने खेन्पो मुन्सेल दोर्जी रिपोर्छेको बाहुलीबाट अभिषेक तथा वाङ वितरण गरियो । आजको दिन बौद्ध धर्मावलम्बीहरूका लागि पवित्र दिन दशमी परेको जानकारी दिँदै सम्पूर्ण बौद्ध भक्तजनलाई यस धार्मिक अनुष्ठान उपस्थित भइदिएकोमा आयोजक समितिको पक्षबाट सबै उपस्थित बौद्ध धर्मावलम्बीहरूप्रति आयोजक समितिको तर्फबाट आभार प्रकट गरिएको छ 1 आज यस महोत्सवको अन्तिम दिन रहेको थियो भने आजको छेचु छाम नृत्यको आनन्द लिन अनि खेन्पोबाट अभिषेक तथा वाङ थाप्न खरसांग लगायत सिक्किम, दार्जिलिंग, मिरिक, सिलिगुडी लगायत छिमेकी राज्य नेपालबाट पनि भक्तहरुको उपस्थिति रहेको जानकारी आयोजक समितिको तर्फबाट प्राप्त छ|

**भारतीय डाक विभाग उपडाक कार्यालय बिजनबारी**

आज भारतीय डाक विभाग उपडाक कार्यालय बिजनबारीको पहलमा एक बिशेष शिविरको आयोजना गरिएको थियो। यस शिविरमा मानिसहरूले आधार कार्ड अपडेट, मोबाइल नम्बर लिङ्ग, आधार कार्ड संशोधन, आधार कार्ड नयाँ बनाउने काम गरेका थिए। यसका साथै डाक बचत खाता , डाक बीमा अनि डाक विभाग सम्बन्धि समस्याहरू समाधान गरियो । यसरी नै शिविरमा डाक सम्बन्धि अन्य थुप्रै कार्यको मानिसहरूले सुविधा लिएका छन। शिविरमा बिजनबारी डाक विभागका डाकपाल युगल राई , बिजनबारी डाक विभागका डाक सहायक पासाङ छिरिङ लामा , दार्जिलिङ महकुमा डाक विभागका निरीक्षक अनिल राई, उत्तम खाती आदि उपस्थित थिए। यस शिविरमा मानिसहरूको व्यापक रूपमा उपस्थिति रहेको थियो ।

**********